| १३ | असाढ १७ | निमित्त कार्यालय प्रमुख(इन्जिनियर) टोपेन्द्र सुन्दर मल्ल र सव-इन्जिनियर विरेन्द्र चन्द, रन्जित श्रेष्ठ र सुरपभाइजर लक्ष्मी पाण्डे | ३ | खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय दैलेख | खोला तटवन्धन निर्माण कार्य सम्पन्न भए पश्चात भुक्तानीमा सहजिकरण गरिदिने भनी | २,४१,०१६ |
| १४ | असाढ १७ | का.स. खेमराज चौधरी | १ | घरेलु तथा साना उद्योग कार्यालय, कलैया, बारा | होटेल संचालन लागि अनुमति पत्र बनाई दिनका लागि सहजीकरण गरिदिने भनी घुस माग | १०,००० |
| १५ | असाढ २३ | प्रसनि रामविश्वास राय | १ | प्र.चौ. गौरीशंकर सर्लाही | भारतीय मोटरसाइकल छुटाई दिने प्रयोजनका लागि | ५,००० |
| १६ | असाढ २८ | बिचौलिया समिर भण्डारी, गोविन्द शाह | २ | दाङ घोराही उप महानगरपालिका वडा नं. १८ | लागू औषध मुद्दाका प्रतिवादीहरु छुटाइदिने भनी | - |
| १७ | असाढ ३० | नासु सिद्धराज जोशी | १ | जोशीपुर गा.पा. कैलाली | भुक्तानी दिने क्रममा | ८५,००० |
| १८ | असाढ ३० | ना.सु. कृष्ण बल्लभ ठाकुर | १ | भूमिसुधार तथा मालपोत कार्यालय ससरी | जग्गाको श्रेष्ता कायम गर्ने भनी | १३,००० |
| १९ | असाढ ३० | अधिकृत हुकुम बहादुर ओली | १ | घरेलु तथा साना उद्योग नेपालगञ्ज बाँके | अनुमतिपत्र बनाई दिने भनी | ९६,३०० |
| २० | असाढ ३० | डिभिजन प्रमुख नारायण काजी श्रेष्ठ | १ | जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय दिक्तेल, खोटाङ | बिल भुक्तानी दिने क्रममा | ९,३४,००० |
| २१ | असाढ ३१ | ईन्जिनियर मिलन अधिकारी | १ | बाग्लुङ ढोरपाटन नगरपालिका | भुतानी दिने क्रममा | १,००,००० |
| २२ | असाढ ३१ | सन्त कुमार मण्डल र जितेन्द्र महतो | २ | कल्यापुर न.पा. सिरहा | बिल भुक्तानी दिने क्रममा | ५,००,००० |
| | | | ३५ जना | | जम्मा जफत रकम रू. | ३८,९७,८१६ |

## ग. दायर मुद्दाको फैसला र आयोगबाट पुनरावेदन:

गत आ.व. २०७६/७७ मा सम्मानित विशेष अदालतबाट जम्मा १९७ वटा र सम्मानित सर्वोच्च अदालतबाट ३१ वटा मुद्दाको फैसला निम्नानुसार प्राप्त भएको छ । उक्त फैसलाको परिणाम हेर्दा आयोगबाट दायर भएका मुद्दाको सफलता दर ८४.८ प्रतिशत देखिन्छ । जबकि आ.व. २०७५/७६ मा यो सफलता दर ८८.२४ प्रतिशत रहेको थियो । यसै गरी

सम्मानित सर्वोच्च अदालतमा गरिएको पुनरावेदन एवं पुनरावलोकनबाट गत आ.व. २०७६/७७ मा १६.१ प्रतिशत सफलता प्राप्त भएको छ ।

| क्र.स. | अदालत | प्राप्त फैसला संख्या | पूर्ण सफलता | आंशिक सफलता | असफल | सफलता प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | विशेष अदालत | १९७ | १४० | २७ | ३० | ८४.८ |
| २ | सर्वोच्च अदालत | ३१ | २ | ३ | २६ | १६.१ |

यसैगरी आयोगले गत आ.व. २०७६/७७ मा सम्मानित सर्वोच्च अदालतमा २० वटा मुद्दामा पुनरावेदन र २ वटा मुद्दामा पुनरावलोकनका लागि निवेदन दर्ता गराएको छ ।

## २.२ भ्रष्टाचार नियन्त्रणमा आयोगबाट भएको निरोधात्मक कार्यको विवरणः

भ्रष्टाचारजन्य कार्यको उजुरीउपर गरिने अनुसन्धान र अभियोजनको दण्डात्मक कार्यले मात्र अपेक्षित रूपमा भ्रष्टाचार नियन्त्रण हुन नसक्ने हुँदा भ्रष्टाचार हुनै नदिने निरोधात्मक कार्यहरू र भ्रष्टाचारविरुद्ध सचेतना फैलाउने प्रवर्द्धनात्मक कार्यहरूलाई आयोगले निरन्तरता दिएको छ ।

भ्रष्टाचार नियन्त्रणको निरोधात्मक रणनीति अन्तर्गत आयोगले भ्रष्टाचारको जोखिमपूर्ण क्षेत्र तथा विद्यमान पद्धतिका कमजोरी र भ्रष्टाचारका प्रमुख कारणहरुको पहिचानमा जोड दिएको छ ।

स्थानीयस्तरमा हुने भ्रष्टाचार न्यूनीकरण र निरोधका लागि सम्बन्धित प्रमुख जिल्ला अधिकारीहरुलाई अधिकार प्रत्यायोजन गरिएको छ । निजहरुले अनियमितता र भ्रष्टाचारका विषयमा परेका उजुरीहरुका सम्बन्धमा प्रारम्भिक छानवीन गरी तामेलीमा राख्न वा विस्तृत अनुसन्धान गर्न सम्बन्धित कागजात सहित आधार र कारणसमेत खुलाई आयोगको सम्बन्धित कार्यालय मार्फत आयोग समक्ष पठाउनु पर्ने गरी व्यवस्था गरिएको छ ।

स्थानीय तहका उजुरीहरू एकमुष्ठरुपमा स्थानीय तहमैं गएर हेर्नका लागि विशेष टोली परिचालन गरिएको छ । यसबाट भ्रष्टाचार विरुद्धको छानविन, अनुसन्धान तथा तहकिकातलाई परिणाममुखी बनाउन सहज भएको छ ।

सार्वजनिक निकायहरुमा कार्य संचालन कार्यविधि (Standard Operational Procedures) तयार गर्न लगाउने र कार्यसम्पादन दिग्दर्शन, कार्यविधि वा विनियम बनाई कार्यसम्पादनलाई सरलीकरण गर्न लगाउने विषयमा पनि आयोगले सुझावहरु दिंदै आएको छ ।

आयोगले भ्रष्टाचारविरुद्ध नागरिक समाजसँग सहकार्य अभिवृद्धि गर्ने उद्देश्यले प्रत्येक प्रदेशका २/२ वटा गरी १४ जिल्लामा भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्था (Citizen Jury) गठन गरी भ्रष्टाचार विरुद्धको अभियानमा नागरिक समाजको सहभागिता बढाउन शुरु गरेको छ । भ्रष्टाचारविरुद्ध अन्तरनिकाय समन्वय वृद्धि गर्ने उद्देश्यले आयोग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबीच भएको समझदारी अनुसारका कार्यहरु शुरु भएका छन् ।

यस अवधिमा नेपाल सरकारका विभिन्न निकयहरुलाई आयोगले प्रेषित गरेका सुझावहरु निम्नानुसार छः

## क. कृषि योग्य जग्गाको खण्डीकरण नियन्त्रण सम्बन्धी सुझावहरु

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट कृषियोग्य जग्गाको खण्डीकरण नियन्त्रण गर्ने सम्बन्धमा पटक-पटक निर्णय भई मातहतका कार्यालयहरूमा निर्देशन जारी गरिएको देखिएकोमा आयोगले हाल जग्गा कित्ताकाटको सम्बन्धमा देहाय बमोजिमका समस्या/जटिलताहरू महशुस गर्यो ।

१. कृषि क्षेत्रको वर्गीकरण गर्नका लागि हाल अस्तित्वमा रहेको प्राविधिक समितिको काम कारबाही र भूमिकाको सम्बन्धमा समेत आयोगमा पटक पटक उजूरी एवम् गुनासो पर्ने गरेको,

२. मन्त्रालयको निर्णयमा कृषियोग्य जग्गाको मात्र खण्डीकरण नियन्त्रण गर्ने भनिए तापनि जनमानसमा भने सबै प्रकारका जग्गाको कित्ताकाट रोक्का गरिएको हो भन्ने भ्रम अद्यापि कायम रहेको देखिएको,

३. मन्त्रालयको निर्णयमा एक आर्थिक बर्षमा एउटा कित्ता एकपटक मात्र कित्ताकाट गर्न पाउने व्यवस्था रहे तापनि सो बारेमा सर्वसाधारणलाई सम्बन्धित निकायबाट सही सूचना दिने तथा सु-सूचित गराउने कार्य भए-गरेको नदेखिएको,

४. सर्वसाधारणको पुर्ख्यौली घरजग्गा विक्री वितरण गर्नका लागि समेत कित्ताकाट रोक्का रहेको बहाना बनाएर हैरानी दिने तथा नियमानुसार कित्ताकाट गर्न मिल्ने जग्गाको सम्बन्धमा समेत आर्थिक अनियमितता हुने गरेको देखिएको,

५. कृषियोग्य जग्गाको खण्डीकरण नियन्त्रण गर्ने मन्त्रालयको प्रमुख उद्धेश्य भए तापनि उद्धेश्य अनुरुप जग्गाको खण्डीकरण रोकिएको नदेखिएको,

६. जग्गा खण्डीकरण गर्ने प्रयोजनकै लागि उही अंशियारहरूको पटक पटक अंशवण्डा गर्ने गरेको उजूरी तथा गुनासोहरू समेत आयोगसमक्ष आउने गरेको तथा एउटै परिवारका सदस्यहरुबीचमा जग्गा कित्ताकाट गर्नकै लागि समेत नक्कली अंशवण्डा/भर्पाई गर्ने गरेको देखिँदा पारिवारिक विखण्डन, कलह आई सामाजिक विकृति पैदा हुनसक्ने देखिएको,

७. अड्डा अदालतमा नक्कली/बनावटी मुद्दा मामिला खडा गरी मिलापत्रको नाममा समेत कित्ताकाट गर्ने प्रवृत्ति मौलाई अदालतमा अनावश्यक मुद्दा मामिलाको अत्यधिक चाप पर्ने गरेको देखिएको,

८. वास्तविक रुपमा नै जग्गा विकास गर्नको लागि स्थापना भई ईजाजत प्राप्त गरी तोकिएको मापदण्ड पूरा गरेका व्यक्ति, संस्था वा कम्पनीको करोडौंको लगानी निष्क्रीय (Idle) रही वित्तीय तरलतामा समेत नकारात्मक प्रभाव पारेको देखिएको,

९. एकातर्फ उद्देश्य अनुरुप कृषियोग्य जग्गाको खण्डीकरण नरोकिएको, अर्कोतर्फ अत्यावश्यक अवस्थामा समेत जग्गाको कित्ताकाट गर्नको लागि सर्वसाधारणले लाखौं रकम कर्मचारीहरु समेतलाई गैरकानुनी कमिसनको रुपमा बुझाउनु परेकोले नापी तथा मालपोत कार्यालयहरुमा झनै भ्रष्ट्राचार मौलाएको भन्ने समेतका उजूरीहरु आयोगमा पटक पटक पर्ने गरेको,

१०. मन्त्रालय मातहतका कार्यालयहरु बीचमा मन्त्रालयको निर्देशन अनुरुप खण्डीकरण नियन्त्रण गर्ने निर्णयको कार्यान्वयनमा कार्यविधिगत एकरुपता आएको समेत नदेखिएको।

मुलुकको वैज्ञानिक भूमि व्यवस्थापन गर्नका लागि जमिनको वस्तुगत वर्गीकरण, जग्गा प्रशासनमा सुशासन कायम गर्न र जग्गाको समुचित तथा महत्तम उपयोगद्वारा भूमिको उत्पादन र उत्पादकत्व बढाउनको लागि भूमि व्यवस्थापनको सन्दर्भमा समसामयिक, वस्तुनिष्ठ, स्पष्ट र कार्यान्वयनयोग्य कानुनी संरचना नरहेको, मन्त्रालयको कृषियोग्य जमिनको खण्डीकरण नियन्त्रण गर्ने सम्बन्धको यसअघिको मन्त्रालयको निर्णयको उद्धेश्य अनुरुपको प्रभावकारिता नदेखिई झनै जटिलता र अनियमितताहरुले प्रश्रय पाएको, सर्वसाधारणले हैरानी पाउने गरेको तथा सम्मानित सर्वोच्च अदालतको मिति २०७४।११।०२ को आदेश पूर्णरुपमा कार्यान्वयन भएको नदेखिएको अवस्थामा वैज्ञानिक भूमि व्यवस्थापन तथा जग्गा प्रशासनका क्षेत्रमा सुशासन कायम गरी त्यसबाट मुलुकले महत्तम लाभ प्राप्त गर्नका लागि समेत भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय समेतलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) को देहाय खण्ड (ख) बमोजिम देहायका सुझाव लेखी पठाउने भनी आयोगबाट मिति २०७७।०३।०५ मा निर्णय भएको छ।

**<u>सुझाव</u>**

भूमिको वर्गीकरण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापनको माध्यमबाट अधिकतम र दिगो लाभ हासिल गर्ने उद्धेश्यका साथ भू-उपयोग ऐन, २०७६ समेत जारी भइसकेको, भूमि सम्बन्धी ऐन, २०२१ को संशोधन भइसकेको तथा भूमिको वैज्ञानिक वर्गीकरणको लागि आवश्यक पर्ने भू-उपयोग वर्गीकरण नक्सा/डाटा (Parcel Based Land Use Zoning) समेत अधिकांश स्थानीय तहको लागि तयार भइसकेको परिप्रेक्ष्यमा अझै पनि दशकौंअघि गरिएको साविक नापी र पुनः नापी वमोजिम तयार गरिएका क्षेत्रीय किताबमा उल्लेखित

जग्गाको किसिम र वर्गका आधारमा नै जग्गाको वर्गीकरण गरी कित्ताकाट रोक्ने वा खोल्ने सम्बन्धमा निर्णय हुनु औचित्यपूर्ण र वैज्ञानिक समेत नहुने हुँदा भूमिको वैज्ञानिक व्यवस्थापनका सम्बन्धमा जारी भएका प्रचलित कानूनहरू समेतलाई मध्यनजर गरी हालसम्म तयार भएका भू-उपयोग वर्गीकरण नक्सा डाटा समेतको आधारमा जग्गाको खण्डीकरण नियन्त्रणका सम्बन्धमा यसअघि जग्गाको खण्डीकरण नियन्त्रण गर्नको लागि कित्ताकाट रोक्का गर्ने गरी मन्त्रालयबाट भएको निर्णयबाट माथि प्रकरण प्रकरणमा विवेचना गरेवमोजिमका समस्याहरू सिर्जना भएकोले सोको निराकरणका लागि मन्त्रालयबाट जग्गाको कित्ताकाट रोक्का गरी खण्डीकरण नियन्त्रण गर्ने सम्बन्धमा भए-गरेका निर्णयहरूमा आवश्यक पुनरावलोकन गरी कित्ताकाट खुल्ला गर्नेतर्फ आवश्यक व्यवस्था मिलाउने।

## २.३ भ्रष्टाचार नियन्त्रणमा आयोगबाट भएको प्रवर्द्धनात्मक कार्यको विवरणः

आयोगले भ्रष्टाचारविरुद्ध सचेतना फैलाउने प्रवर्द्धनात्मक कार्यहरू अन्तर्गत भ्रष्टाचार नियन्त्रणसम्बन्धी अन्तरक्रिया, छलफल र गोष्ठी तथा विद्यालय अनुशिक्षण लगायतका कार्यक्रमहरु संचालन गरिरहेको छ ।

### क. "सुशासन सवाल" टेलिभिजन कार्यक्रम

आयोग र नेपाल टेलिभिजनसंगको सहकार्यमा यस आ. व. को श्रावण महिना देखिनै निरन्तर रुपमा ***सुशासन सवाल*** नामको साप्ताहिक टेलिभिजन कार्यक्रम ***हरेक मंगलवार साँझ ७:२५*** मा प्रशारण भैरहेको छ । गत आ.व. २०७६/७७ मा नेपाल टेलिभिजनबाट ५२ वटा टेलिभिजन श्रृंखला प्रशारण भैसकेको र उक्त श्रृंखलाहरु आयोगको फेसबुक NepalCIAA, ट्इटर @ciaa_nepal र युट्यूव च्यानलबाट समेत यथासमयमा प्रत्यक्ष प्रशारण हुँदै आएको छ ।

भ्रष्टाचार नियन्त्रणमा आयोगको भूमिका समेटिएको डकुमेन्ट्री तयार गर्ने, पत्रपत्रिका तथा एफ.एम. रेडियो समेतबाट सन्देशमूलक सूचनाहरु प्रकाशन र प्रसारण गर्ने, ब्रोसर एवम् पोष्टर र पम्प्लेट जस्ता सामाग्रीको छपाइ तथा वितरण गर्ने र नियमित रुपमा भ्रष्टाचारविरुद्धका महत्वपूर्ण लेख रचनाहरु समावेश भएका पुस्तिकाहरु प्रकाशन गर्ने कार्य हुँदै आएका छन् ।

आयोगले भ्रष्टाचार विरुद्धका राष्ट्रिय र अन्तर्राष्ट्रिय दिवसहरुलाई उल्लास र विशेष भव्यताका साथ सम्पन्न गर्ने अभ्यासलाई निरन्तरता दिदै आएको छ ।यस अवसरमा आयोगले आ.व. २०७६/७७ मा विद्यार्थीहरुवीच देश व्यापी कविता तथा वक्तृत्वकला प्रतियोगिता आयोजना गरी दुवै स्पर्धामा प्रमथ हुनेलाई २५/२५ हजार रूपैयाँ सहित

५/५ जनालाई पुरस्कृत गरियो । यसै गरी आयोगमा कर्मचारीहरुमध्येबाट २ जनालाई ताम्रपत्रसहित जनही नगद रू. २५ हजार राशीको उत्कृष्ट अनुसन्धानकर्ता पुरस्कार, १३ जनालाई ताम्रपत्रसहित जनही नगद रू. २० हजार राशीको उत्कृष्ट अख्तियार सेवा पुरस्कार, २० जनालाई प्रमाणपत्रसहित जनही नगद रू. २० हजार राशीको अख्तियार सेवा पुरस्कार र ३१ जनालाई प्रशंसापत्रसहित जनही नगद रू. ५ हजार राशीको पुरस्कार प्रदान गरिएको थियो ।

आयोगका माननीय प्रमुख आयूक्त एवं आयुक्तहरु बिभिन्न जिल्लाहरुमा हुने भ्रष्टाचार नियन्त्रण एवं सुशासन प्रवर्द्धन सम्बन्धी छलफल अन्तर्क्रिया कार्यक्रमहरुमा सहभागी हुदै आउनु भएकोमा कोभिड-१९ को विश्वव्यापी महामारीको कारणले नेपाल सरकारले २०७६ साल चैत्र ११ गते देखि बन्दाबन्दी गरेको र त्यसपछि पनि यसको नकरात्मक प्रभाव कायमै रहेकोले गर्दा गत आ.व. को उक्त चौथो त्रैमासिक अवधिमा यस सम्बन्धी कुनैपनि कार्यक्रमहरु सञ्चालन हुन सकेनन् ।

## २.४ आयोगबाट भएको संस्थागत क्षमता विकास सम्बन्धी कार्यको विवरणः

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो चालु संस्थागत रणनीतिक योजनामा दण्डात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक रणनीतिक स्तम्भका अतिरिक्त नयाँ रणनीतिक स्तम्भको रुपमा आयोगको संस्थागत सुशासनको सुदृढीकरण र क्षमता अभिवृद्धिलाई अङ्गिकार गरिएको छ । यस अन्तर्गत आयोगको संगठनात्मक संरचना, विधि, पद्दति, स्रोतसाधन सहित संस्थागत क्षमता सुदृढ गर्ने र भ्रष्टाचार विरुद्धको कानूनी र संस्थागत दायरा फराकिलो बनाउने नीति आयोगले अवलम्वन गरेको छ । यस अनुसार आयोगको भौतिक पूर्वाधारदेखि संस्थागत सुधार र जनशक्तिको क्षमता विकासका कार्यलाई आयोगले जोड दिएको छ। भ्रष्टाचार नियन्त्रण कार्यमा विद्यमान रहेका चुनौतीहरूको सामना गर्न आयोगले आफ्नो कार्यसम्पादन थप व्यावसायिक बनाउँदै लगेको छ । आयोगको अनुसन्धान र अभियोजनलाई थप बस्तुपरक र प्रभावकारी बनाउनका लागि मुद्दा महाशाखा प्रमुखको नेतृत्वमा अनुसन्धान पूर्णता समिति र अर्का एक जना सह-महान्यायाधीवक्ताको नेतृत्वमा आरोप-पत्र सुधार समितिहरु गठन गरी सक्रिय बनाइएको छ । बढ्दो उजुरीको संख्या र नयाँ शैलीमा हुने भ्रष्टाचारको अनुसन्धान गर्न डिजिटल फरेन्सिक ल्याब, इञ्जिनियरिङ ल्याब र अफिस अटोमेसनजस्ता प्रविधि प्रयोगमा ल्याइएको छ । यसका साथै आयोगले विशेष निगरानी तथा द्रुत कारवाही (Rapid Action Taskforce) टोली परिचालन गर्दै आएको छ । उजुरी गर्नमा सहजताका लागि आयोगको हटलाइन

१०७, इमेल ujuri@ciaa.gov.mp का अतिरिक्त मोबाइल एप निर्माण गरेको तथा फेसबुक, टुइटर लगायत सामाजिक सञ्जालबाट समेत उजुरी प्राप्तगरी ग्रहण गर्ने गरिएको छ । आयोगले गरेका संस्थागत क्षमता विकाससंग सम्बन्धित उल्लेखनीय कार्यहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

## क. आयोगको उच्च कार्यसम्पादन लागि प्रमुख आयुक्तज्यूबाट कर्मचारीहरुलाई धन्यवाद सहितको निर्देशन

आ.व. २०७६/७७ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३० वर्षे इतिहासमा नै सबैभन्दा बढि मुद्दा दायर भएको वर्षको रुपमा रह्यो। यस आ.व. आयोगले ४४१ वटा मुद्दाहरु विषेश अदालत समक्ष दायर गर्यो ।यस अवसरमा आयोगको प्राङ्गणमा आयोगका माननीय प्रमुख आयुक्तज्यू, माननीय आयुक्तज्यूहरु तथा श्रीमान् सचिवज्यूको उपस्थितिमा कोभिड-१९ का कारण नेपाल सरकारले जारी गरेको स्वास्थ्य सम्बन्धी मापदण्डलाई समेत ध्यानमा राखी धन्यवाद तथा निर्देशन कार्यक्रम सम्पन्न भयो ।

उक्त अवसरमा आयोगका माननीय प्रमुख आयुक्त नवीन कुमार घिमिरेज्यूले कोभिड १९ को प्रकोपका वावजुद आयोगले आ.व. २०७६/७७ मा इतिहासमा नै सबैभन्दा धेरै मुद्दा दायर गरी अघिल्लो वर्षको तथ्याङ्कलाई समेत उछिन्न सफल भएकोमा माननीय आयुक्तज्यूहरु, श्रीमान् सचिवज्यू लगायत सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिँदै आगामी दिनमा पनि भ्रष्टाचार नियन्त्रणमा उच्च मनोबलका साथ कार्य गर्न निर्देशन दिनुभयो ।

सोही अवसरमा बोल्दै आयोगका माननीय आयुक्त डा. गणेशराज जोशीज्यूले भ्रष्टाचार नियन्त्रणमा पदाधिकारी र कर्मचारीहरुको समूहिक प्रायसबाट मात्र यो किसिमको सफलता हासिल गर्न सकिएको बताउनु हुँदै यसका लागि आयोगमा कार्यरत सबै श्रेणी र पदका कर्मचारीहरु सबैको सक्रिय भूमिका रहेको स्मरण गराउनुभयो । सोही कार्यक्रममा आयोगका माननीय आयुक्त डा. सावित्री थापा गुरुङज्यूले कोभिड-१९ को जोखिमका बीचपनि कर्मचारीहरु आयोगमा उपस्थित भई उच्च मनोबलका साथ यो किसमिको कार्यसम्पादन गर्नु प्रशंसा योग्ग रहेको बताउँदै आगामी दिनमा पनि भ्रष्टाचार नियन्त्रणमा यसैगरी सक्रियताका साथ काममा खटिनुहुने विश्वास व्यक्त गर्नुभयो । सोही कार्यक्रममा बोल्दै आयोगका सचिव श्रीमान् सुरेश अधिकारीज्यूले कर्मचारीहरुले उच्च मनोबलका साथ आयोगको काममा लाग्न निर्दशन दिँदै कर्मचारीहरुलाई प्रोत्साहित गर्न र अनुसन्धान कार्यमा स्रोत र साधनको उपलब्ध गराउन आयोगले प्रथामिकता दिने बताउनु भएको थियो ।

## ख. आयोगको अनुसन्धान तथा अभियोजनको काममा विज्ञान प्रविधिको उपयोग

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कार्यालयको काम चुस्त बनाउनका लागि स्वचालित कार्यालय संचालन प्रणाली (Office automation) शुरु गरेको छ भने भ्रष्टाचार सम्बन्धी अपराधमा

अनुसन्धान तथा अभियोजनको कार्य वस्तुपरक तथा वैज्ञानिक बनाउनको लागि विज्ञान तथा प्रविधिको प्रयोगलाई थप सुदृढ बनाउदै आइरहेको छ । यसका लागि आयोगमा स्थापना भएको पोलिग्राफ परीक्षण प्रयोगशालाले सेवा आरम्भ गरिसकेको छ । डिजिटल फोरेन्सिक ल्याब आयोगको केन्द्रीय कार्यालय टङ्गालमा तथा इञ्जिनियरिङ्ग प्रयोगशाला आयोगको केन्द्रीय कार्यालय टङ्गालका साथै आयोगको कार्यालयहरु नेपालगञ्ज र बर्दिवासमा स्थापना गरिएको छ । गत आ.व. २०७६/७७ को चौथो त्रैमासिक अवधिमा ५९ वटा पोलिग्राफ परीक्षण भएको छ भने आ.व. २०७६/७७ मा जम्मा ३९१ वटा परीक्षण भएका छन् । यसैगरी आवश्यता र औचित्यको आधारमा इञ्जिनियरिङ्ग प्रयोगशाला र फोरेन्सिक ल्याबको पनि प्रयोग शुरु भैसकेको छ ।

## ३. आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिवमा नेपाल सरकारका राजपत्रांकित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था छ । नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।०१।०८ को निर्णयबाट स्वीकृत भई कायम भएको दरबन्दी तेरिज वमोजिम आयोगको केन्द्र टंगालमा बाह्रवटा महाशाखाहरु सहित ५१२ जनाको दरबन्दी कायम भएको छ । त्यसैगरी मातहत आयोगको कार्यालय ७ वटा र १ सम्पर्क कार्यालय (बुटवलको सम्पर्क कार्यालय, नेपालगन्ज) मा जम्मा ४७८ जनाको दरबन्दी गरी आयोग अन्तर्गत देहायअनुसार कुल ९९० जना कर्मचारी दरवन्दी रहेको छ ।

| श्रेणी/कार्यालय | टंगाल | इटहरी | बर्दिवास | हेटौंडा | पोखरा | बुटवल | नेपालगंज | सुर्खेत | कंचनपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रा.प. विशिष्ट | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| रा.प.प्रथम | १३ | १ | १ | १ | १ | १ | ० | १ | १ | २० |
| रा.प.द्वितीय | ६४ | ४ | ४ | ४ | ४ | ४ | १ | ४ | ४ | ९३ |
| रा.प.तृतीय | १०७ | १७ | १८ | १७ | १५ | १५ | ८ | १७ | १५ | २२९ |
| **अधिकृतस्तर** | **१८५** | **२२** | **२३** | **२२** | **२०** | **२०** | **९** | **२२** | **२०** | **३४३** |
| रा.प.अनं. प्रथम | ११८ | १७ | १७ | १७ | १७ | १४ | १३ | १६ | १७ | २४६ |
| रा.प.अनं. द्वितीय | २४ | ४ | ४ | ४ | ४ | २ | ३ | २ | ४ | ५१ |
| रा.प.अनं. तृतीय | २६ | ४ | ४ | ४ | ४ | ३ | २ | ४ | ४ | ५५ |
| रा.प.अनं. चतुर्थ | ६४ | ७ | ७ | ७ | ७ | ६ | ४ | ७ | ७ | ११६ |
| श्रेणी विहिन | ९५ | ११ | ११ | ११ | ११ | १० | ९ | १० | ११ | १७९ |
| **सहायकस्तर** | **३२७** | **४३** | **४३** | **४३** | **४३** | **३५** | **३१** | **३९** | **४३** | **६४७** |
| **जम्मा** | **५१२** | **६५** | **६६** | **६५** | **६३** | **५५** | **४०** | **६१** | **६३** | **९९०** |

आयोगको कार्यालय टंगाल र अन्तर्गत कार्यालयमा साविकमा ९२७ स्वीकृत दरबन्दी रहेकोमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।०१।०८ को निर्णयबाट अत्यावश्क ६८ पद थप सिर्जना र अनावश्यक ५ पद खारेज भई हाल उक्त ९९० को दरबन्दी कायम हुन आएको छ। आयोगमा उपरोक्त अनुसारको स्वीकृत दरवन्दीमा स्थायी कर्मचारीका अतिरिक्त केही दरवन्दीमा करार सेवा अन्तर्गतको जनशक्तिबाट समेत सेवा प्रवाह हुँदै आएको छ । जसअनुसार कम्प्युटर अपरेटर, हलुका सवारी चालक, कार्यलय सहयोगी पदमा गरी आयोगमा जम्मा ४५ जना व्यक्तिहरु करारमा कार्यरत रहेका छन् ।

## ४. आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्वन्धी अद्यावधिक विवरण

आर्थिक वर्ष २०७६/७७ को वजेट विनियोजन र गत २ बर्षको खर्चको विवरण देहाय अनुसार छः

| क्र. स. | वजेट उप-शीर्षक | आ.व.२०७६/७७ वार्षिक विनियोजित बजेट रू. | आ.व.२०७६/७७ को जम्मा खर्च रू. | आ.व.२०७५/७६ को जम्मा खर्च रू. |
|---|---|---|---|---|
| १ | चालु खर्च (२०६०००१३) | ८६,००,००० | ६०,६०,५०० | ३४,७२,८९० |
| २ | चालु खर्च (२०६०००११३) | ५९,८६,६५,००० | ४६,९०,७८,७९० | ५१,८१,३२,०४० |
| ३ | पुँजीगत २०६०००११४ | १२,३६,४०,००० | ४,८७,२३,३२० | १९,०९,६८,२४० |
| ४ | संचित विदा ६०१०००१३३ | - | ६४,३०,४२० | ९२,२६,१३० |
| ५ | औषधी उपचार ६०१०००१६३ | - | ६२,९७,४०० | ८९,६८,८३० |
| | जम्मा | ७३,०९,०५,००० | ५३,६५,९०,४३० | ७३,०७,६८,१३० |

आर्थिक वर्ष २०७६/७७ को अन्तिममा पेश्की रकम रू. १,०३,७३,०००/- फछ्र्यौट हुन वाँकी रहेको देखिन्छ ।

आर्थिक वर्ष २०७६/७७ को धरौटीको विवरण देहायअनुसार छः

| क्र.स. | विवरण | रकम रू. |
|---|---|---|
| १ | गत आ.व. २०७६/७७ को मौज्दात रकम रू. | ३,००,३४,२७९.५६ |
| २ | गत आ.व. २०७६/७७ मा प्राप्त आम्दानी रकम रू. | ९०,६६,१०९.९४ |
| ३ | गत आ.व. २०७६/७७ मा धरौटी फिर्ता रकम रु. | ६६,५७,५५६.८० |
| ४ | जम्मा वाँकी मौज्दात रकम रु. | ३,२४,४२,८३२.७० |

आर्थिक वर्ष २०७६/७७ को राजश्व आम्दानीको विवरण देहायअनुसार छः

| क्र.स. | विवरण | रकम रू. |
|---|---|---|
| १ | सरकारी सम्पत्तिको विक्रीबाट प्राप्त आम्दानी | ६३,५६५.०० |
| २ | विद्युत सेवा शुल्क | १,०६,१८२.०० |
| ३ | न्यायिक दस्तुर | ११५.०० |
| ४ | अन्य प्रशासनिक सेवा शुल्क | २,००,९१५.०० |
| ५ | प्रशासनिक दण्ड जरिवाना र जफत | १०,०००.०० |
| ६ | बेरूजु | २,०५,६०,१७४.०० |
| ७ | गत वर्षको नगद मौज्दात | ३९,९७,०००.०० |
|  | जम्मा | २,४९,३७,९५१.०० |

## ५. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सूचना दिएको विषय

यस आयोगमा गत आ.ब. २०७६/७७ मा देहायको तालिकामा प्रस्तुत गरिएअनुसार सूचना माग गरिएका जम्मा २६३ वटा निवेदन परेको र उक्त निवेदन उपर कारबाही हुँदा २०५ वटा निवेदनका निवेदकले माग गरे बमोजिम सूचना प्राप्त गरेको अवस्था छ । उक्त निवेदनहरु मध्ये ५६ वटा निवेदन असम्बन्धित ब्यक्तिले असम्बन्धित विषयमा सूचना माग गरेको पाइएकोले सूचना उपलब्ध गराउन सकिएन । यसैगरी गत आ.ब. २०७६/७७ को चौथो त्रैमासिक अवधि (बैशाख-असार) मा यस आयोगमा सूचनाको माग गरी २९ वटा निवेदन परेकोमा २० वटा निवेदन उपर कारबाही गरी सूचना उपलब्ध गराइएको, असम्बन्धित ब्यक्तिले असम्बन्धित विषयमा सूचना माग गरेको पाइएको ९ वटा निवेदनका निवेदकलाई सूचना उपलब्ध गराउन नसकिएको र बाँकी २ वटा निवेदन चालु आ.ब. मा जिम्मेवारी सरिआएको अवस्था छ ।

| क्र.स. | विवरण | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | सूचना माग गरी परेका निवेदन संख्या | ३४ | ११४ | ८६ | २९ | २६३ |
| २ | अगाडिको बाँकी सारेको | - | ९ | १ | २ | - |
| ३ | सूचना प्राप्त गर्नेको संख्या | २५ | ९१ | ६९ | २० | २०५ |
| ४ | सूचनाका लागि असम्बन्धित निवेदन संख्या | ० | ३१ | १६ | ९ | ५६ |
| ५ | बाँकी | ९ | १ | २ | २ | २ |
|  | जम्मा कारबाही | २५ | १३१ | ८६ | ३१ | २६१ |

यसका अतिरिक्त सूचना अधिकारीले उपलब्ध गराएको सूचना उपर चित्त नबुझाई आयोगका श्रीमान् सचिवज्यू समक्ष ४ वटा पुनरावेदन निवदन परेकोमा श्रीमान् सचिवज्यूबाट ४ वटा निवेदन उपर आदेश पर्चा खडा गरी भएको निर्णय निवेदकहरुलाई जानकारी गराइएको थियो ।

यसका साथै गत आ.व. २०७६/७७ मा आयोग समक्ष सूचना माग गर्नका लागि संलग्न गर्नुपर्ने आवश्यक कागजात सहितको निवेदनको ढाँचा निश्चित गरी यस आयोगको वेवसाइटमा प्रकाशन गरिएको छ । सूचना माग गर्ने निवेदकहरुले आयोगका अन्य इ-मेलका अतिरिक्त *suchana@ciaa.gov.np* भन्ने ईमेलमा सिधै उक्त ढाँचा बमोजिमको सूचना मागको निवेदन पठाउन सक्ने र यसरी सूचना मागको निवेदन पठाउँदा उक्त निवेदन साथ आवश्यक कागजात संलग्न गर्नु पर्ने व्यवस्था गरिएको छ । यसका अतिरिक्त आयोग समक्ष सूचना माग गर्ने निवेदकलाई छिटो छरितो सूचना उपलब्ध गराउने कार्यका लागि आयोगमा सूचना सम्बन्धी आन्तरिक मेमोको ढाँचा तयार गरी लागू गरिएको छ ।

## खण्ड-२

### आ. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सामान्य परिचय

### १. आयोगको स्वरुप र प्रकृति

नेपालमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रबर्द्धन गर्नको लागि नेपालको संविधानको भाग २१, धारा २३८ मा संवैधानिक निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरिएको छ । जस अनुसार आयोगमा प्रमुख आयुक्त र अन्य चारजना आयुक्तहरु रहनेछन् । प्रमुख आयुक्तले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अध्यक्ष भै काम गर्ने व्यवस्था छ । राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा प्रमुख आयुक्त र आयुक्तको नियुक्ति गर्ने प्रावधान छ। आयोगका प्रमुख आयुक्त र आयुक्तको पदावधी नियुक्तिको मितिले छ वर्षको हुनेछ । प्रमुख आयुक्त र आयुक्त ६५ वर्षको उमेरसम्म पदमा बहाल रहन सक्ने व्यवस्था रहेको छ ।

संविधानको धारा २३९ ले सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्ने व्यवस्था छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीहरु

| | |
|---|---|
| माननीय प्रमुख आयुक्त | श्री नवीनकुमार घिमिरे |
| माननीय आयुक्त | डा. गणेशराज जोशी |
| माननीय आयुक्त | डा. सावित्री थापा गुरुङ |

आयोगको केन्द्रीय कार्यालय, टंगाल, काठमाडौंमा रहेको छ । आयोग मातहत देहायका ७ वटा कार्यालयहरु र एउटा सम्पर्क कार्यालय रहेकाछन् ।

| सि. नं. | कार्यालयको नाम | कार्यालयको फोन नं. | फ्याक्स नं. |
|---|---|---|---|
| १. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं | हट लाइन नं. १०७<br>०१५२६२१५१ | ०१-५२६२१२८<br>०१५२६२१०४ |

| सि. नं. | कार्यालयको नाम | कार्यालयको फोन नं. | फ्याक्स नं. |
|---|---|---|---|
| २. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, ईटहरी | ०२५-५८६९७० | ०२५-५८५६०० |
| ३. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवास | ०४४-५५०६८६ | ०४४-५५०५३१ |
| ४. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा | ०५७-५२१७४४ | ०५७-५२०३६९ |
| ५. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरा | ०६१-५४०४५१ | ०६१-५४०४५२ |
| ६. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल | ०७१-५४०८३७<br>०७१-५४००३१ | ०७१-५४०८२३ |
| | क. बुटवलको सम्पर्क कार्यालय, नेपालगन्ज | ०८१-५५०६२६,<br>०८१-५५०६२७ | ०८१-५५०४२६ |
| ७. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत | ०८३-५२१९६०<br>०८३-५२३१७८ | ०८३-५२३८८४ |
| ८. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुर | ०९९-५२४२६३<br>०९९-५२१११७ | ०९९-५२२७९५ |

## ४. आयोगको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको भाग २१ को धारा २३९ बमोजिम "(१) कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानून बमोजिम अनुसन्धान गर्न वा गराउन सक्नेछ ।

तर यस संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानूनले छुट्टै विशेष व्यवस्था गरेको पदाधिकारीको हकमा यो उपधारा लागू हुने छैन ।

(२) धारा १०१ बमोजिम महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने व्यक्ति, न्याय परिषदबाट पदमुक्त हुने न्यायाधीश र सैनिक ऐन बमोजिम कारबाही हुने व्यक्तिका हकमा निज पदमुक्त भइसकेपछि संघीय कानून बमोजिम अनुसन्धान गर्न वा गराउन सकिनेछ ।

(३) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग

अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ ।

(४) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकारक्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आवश्यक कारबाहीका लागि सम्बन्धित अधिकारी वा निकाय समक्ष लेखी पठाउन सक्नेछ ।

(५) अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख आयुक्त, कुनै आयुक्त वा नेपाल सरकारको अधिकृत कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(६) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानून बमोजिम हुनेछ । त्यसैगरी संविधानको धारा २९३ मा संवैधानिक निकायको काम कारवाहीको अनुगमन संसदीय समितिबाट हुने व्यवस्था रहेको छ भने धारा २९४ मा आयोगको बार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष बुझाउने सम्बन्धी व्यवस्था रहेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगलाई अनुसन्धान गरी अभियोजन गर्ने कार्यको अतिरिक्त कानुनी राज्यको अवधारणा अनुरुप सुशासन कायम गर्न र सार्वजनिक सेवामा प्रभावकारिता ल्याउनका लागि आवश्यक हुने सुधारात्मक कार्यहरु गर्ने थप दायित्व समेत सुम्पेको छ । जस अन्तर्गत आयोगबाट निम्न कार्यहरु सम्पादित हुने गरेको छन्:

- विद्यमान ऐन, नियम वा प्रचलनमा त्रुटि भए सुधार गर्न सुझाव दिने
- अनुसन्धान तहकिकातको क्रममा न्यायिक हिरासतमा राख्ने र धरौटी वा जमानत लिई वा नलिई तारिखमा राख्ने वा छाड्ने ।
- भ्रष्टाचारलाई रोकथाम गर्ने उद्देश्यले निरोधात्मक एवं प्रवर्द्धनात्मक कार्यहरु गर्ने ।
- भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाहरुसँग समन्वय, आपसी सहयोग र सम्वन्ध सुदृढ गर्ने ।
- आवश्यकतानुसार सम्वन्धित विषयको विशेषज्ञ वा विशिष्टीकृत सेवा प्राप्त गर्ने ।

### २.१ संस्थागत रणनीतिक योजना (आ.व. २०७६/७७ - २०८०/८१)

आयोगको ६ बर्षे संस्थागत रणनीति (सन् २०१४-२०१९) चालु आ.व. २०७६/७७ मा सम्पन्न भएको छ । साथै चालु आ.व. २०७६/७७ बाट नै लागू भएको आयोगको नयाँ संस्थागत रणतीतिक योजना (आ.व. २०७६/७७ - २०८०/८१) मिति २०७६ मंसिर २३ गते सार्वजनिक भई मिति २०७६ पुस १६ गतेबाट कार्यान्वयनमा आएको छ । आयोगको यस पञ्चवर्षीय योजनाको दूरदृष्टि, लक्ष्य, उद्देश्य तथा रणनीतिहरु देहाय अनुसार रहेको छ ।

२.१.१ **दूरदृष्टिः** भ्रष्टाचारमुक्त र सदाचारयुक्त समाज निर्माण ।

२.१.२ **लक्ष्यः** राष्ट्रिय विकास र सार्वजनिक सेवामा जनताको सरल/सहज पहुँच हुने गरी भ्रष्टाचार न्यूनीकरण गर्ने ।

२.१.३ **उद्देश्यः** आयोगको संस्थागत सुदृढीकरण, निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक विधि मार्फत भ्रष्टाचार न्यूनीकरण गर्ने ।

माथि उल्लेखित दूरदृष्टि, लक्ष्य तथा उद्देश्य प्राप्त गर्न योजनाले निम्नानुसारका महत्वपूर्ण ४ वटा रणनीतिहरु, १२ वटा नीतिहरु र सो अन्तर्गत ६६ वटा कार्यनीति अंगिकार गरेको छ ।

#### २.१.४ रणनीतिहरु

१. भ्रष्टाचारजन्य कार्यको पहिचान, अनुसन्धान र अभियोजन प्रभावकारीरुपमा गर्ने ।

२. कानूनी र संगठनात्मक संरचनाको सुदृढीकरण एवं परिचालन गर्दै भ्रष्टाचार नियन्त्रणमा सम्बद्ध पक्षहरुलाई जिम्मेवार बनाउने ।

३. सरोकारवाला पक्षहरूका वीचमा चेतना, समन्वय संजाल र ऐक्यवद्धता अभिवृद्धि गर्ने ।

४. आयोगको संस्थागत सुशासनको सुदृढीकरण र क्षमता अभिवृद्धि गर्ने ।

#### २.१.५ आयोगका नीतिहरु

१. आधुनिक प्रविधिको उपयोगबाट अनुसन्धान र अभियोजन पद्धतिलाई बस्तुनिष्ट र विश्वसनीय बनाउने ।

२. भ्रष्टाचार निगरानी प्रणाली (Corruption Watch Systen) को विकास गरी अनुसन्धान एवं निगरानी गर्ने ।

३. भष्टाचारसँग सम्बन्धित सबै किसिमका सूचना व्यवस्थापन तथा इन्टेलिजेन्स संयन्त्र (Information Management and Intelligence Mechanism) सुदृढ गर्ने ।

४. भ्रष्टाचारसम्बन्धी मामलाहरुको प्राथमिकीकरण गरी अनुसन्धान र अभियोजन गर्ने ।
५. नीतिगत तथा संस्थागत भ्रष्टाचार न्यूनीकरण गर्न विभिन्न निकायहरुसँग समन्वय, साझेदारी तथा सहकार्य गर्ने ।
६. सार्वजनिक निकायहरुलाई भ्रष्टाचार विरुद्ध उत्तरदायी बनाउँदै सशक्तीकरण गर्ने ।
७. भ्रष्टाचार निवारणसम्बन्धी विषयमा नवीनतम खोज, अध्ययन, अनुसन्धान गर्ने ।
८. भ्रष्टाचारविरुद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय र सञ्जालीकरण गर्ने ।
९. भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि गर्ने ।
१०. भ्रष्टाचारविरुद्ध शासनका विभिन्न पक्षको सहभागिता र प्रतिवद्धता अभिवृद्धि गर्ने ।
११. आयोगको संगठनात्मक संरचना, विधि, पद्धति, स्रोतसाधन सहित संस्थागत क्षमता सुदृढ गर्ने ।
१२. भ्रष्टाचार विरुद्धको कानूनी र संस्थागत दायरा फराकिलो बनाउने ।

## ५. आयोगबाट प्रदान गरिने सेवा

नेपालको संविधानमा सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्तिहरु उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान तहकिकात गरी कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने वा गराउन सक्ने व्यवस्था गरिएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले भ्रष्टाचारको सम्बन्धमा कसैको उजूरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारीको आधारमा आयोगले अनुसन्धान र तहकिकात गर्न वा अन्य कारवाही चलाउन सक्ने व्यवस्था रहेअनुसार भ्रष्टाचार सम्बन्धी प्राप्त हुने उजुरी आयोगका सबै कार्यालयहरुमा दर्ता गर्ने व्यवस्था गरिएको छ ।

आयोगमा विचाराधिन अवस्थामा रहेको कुनै विषयसँग सम्बन्धित कागजात र कुनै कागजातको नक्कल नदिने गरी आयोगबाट निर्णय वा आदेश भएकोमा त्यस्तो कागजातको नक्कल उपलब्ध हुदैन । त्यसैगरी आयोगबाट हुने अनुसन्धान, तहकिकात वा अभियोजनसम्बन्धी कारवाहीलाई प्रतिकूल असर पार्ने देखिएका विषयमा कुनै सूचना उपलब्ध हुदैन ।

तर आयोगबाट मुद्दा नचल्ने तामेलीमा राख्ने निर्णय भएको विषयसँग सम्बन्धित मिसिलसंलग्न कागजातहरुमध्ये आयोगमा दिएको बयान वा आयोगको निर्णयको नक्कल माग गर्ने सम्बन्धित सरोकारवालालाई त्यस्तो नक्कल उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

यसैगरी आयोगमा दर्ता गराएको कुनै उजुरी वा आयोगको कुनै कामकारवाही उपर सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्ने सरोकारवाला नेपाली नागरिकलाई अनुसन्धान, तहकिकात वा अभियोजनसम्बन्धी कारवाहीलाई प्रतिकूल असर पार्ने गरी सूचना उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

## ६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

भ्रष्टाचार सम्बन्धी उजुरी दर्ता गर्नका लागि आयोगको मुल दर्ता शाखा जिम्मेवार रहन्छ । हटलाइन १०७ मा आउने उजुरीका लागि प्रहरी महाशाखाका साथै टोल फ्रि, भाइवर तथा इ-मेल मार्फत आउने उजुरीका लागि नीति तथा योजना महाशाखा जिम्मेवार रहन्छन् ।

आयोगबाट मुद्दा नचल्ने तामेलीमा राख्ने निर्णय भएको विषयसँग सम्बन्धित मिसिलसंलग्न कागजातहरुमध्ये आयोगमा दिएको बयान वा आयोगको निर्णयको नक्कल माग गर्ने सरोकारवालालाई सो नक्कल उपलब्ध गराउन आयोगको तामेली शाखाको शाखा प्रमुख जिम्मेवारी हुन्छन् ।

यसैगरी सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्ने सरोकारवाला नेपाली नागरिकलाई सूचना उपलब्ध गराउने जिम्मेवारी आयोगको सूचना समन्वय शाखा प्रमुख एवं सूचना अधिकारीको हुन्छ ।

## ७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

आयोगबाट प्रदन हुने सेवाका लागि सामान्यतय कुनै शुल्क दस्तुर लाग्दैन ।

सरोकारवाला नेपाली नागरिकले अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३७ बमोजिम नक्कल माग्न आएमा प्रति पाना रु. ५/- दस्तुर लाग्ने र निवेदन दिएको भोलीपल्ट सम्बन्धित सरोकारवाला नेपाली नागरिकले सेवा पाउन सक्दछन् ।

सरोकारवाला नेपाली नागरिकले सूचनाको हक अन्तर्गत सूचना माग्न आएमा सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधी लाग्ने तथा दश पेजसम्मको सूचना निःशुल्क प्राप्त हुने र सो भन्दा बढी भएमा प्रति पेज रु. ५/- दस्तुर लाग्दछ ।

## ८. निर्णय गर्ने प्रक्रिया र अधिकारी

### क. उजुरी सम्बन्धी निर्णय प्रक्रिया

- आयोगमा प्राप्त सबै उजुरीहरु दर्ता पश्चातः स्क्रिनिङ्ग कमिटीमा उजुरीको सम्बन्धमा छलफल भै अनुसन्धान गर्नु पर्ने उजुरीहरु सम्बन्धित महाशाखा, आयोगका कार्यालयहरु वा नेपाल सरकारका अन्य उपयुक्त कार्यालय वा पदाधिकारीहरुमा लेखी पठाउन र तामेलीमा राख्ने उजुरीहरु तामेलीमा राखी लगत कट्टा गर्न सिफारिश भएका आधारमा आयोगबाट निर्णय हुने गर्दछ ।
- स्क्रिनिङ्ग कमिटी, महाशाखा वा मातहतका कार्यालयहरुको सिफारिसमा प्रारम्भिक छानबिन वा विस्तृत अनुसन्धान गर्ने गरी आयोगबाट निर्णय हुने गर्दछ ।
- अनुसन्धान अधिकृतको सिफारिसको आधारमा सम्मानित विशेष अदालतमा मुद्दा दायर गर्ने सम्बन्धमा आयोगबाट निर्णय हुने गर्दछ ।

### ख. नक्कल र सूचना लिने सम्बन्धी प्रक्रिया

- अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३७ बमोजिम नक्कल माग गर्ने सरोकारवाला नेपाली नागरिकले सोही नियमावलीको अनुसूचि १५ वमोजिमको ढाँचामा निवेदन लेखी आयोगको मूलदर्तामा दर्ता गराउनु पर्ने ।
- निवेदन साथ वादी र आरोपित व्यक्तिको नाम तथा विवरण सहित सरोकार देखिने व्यहोरा खुलाउनु पर्ने ।
- निवेदनमा कुनकुन कागजको नक्कल चाहिएको हो त्यसको विवरण खुलाउनु पर्ने ।
- सकेसम्म तामेलीमा रहेको मिसिलको तामेली नम्वर खुलाउनु पर्ने ।
- नक्कलका लागि परेको निवेदन माथि कारवाही भई नक्कल दिने निर्णय भएपछि तामेली शाखा प्रमुखले तोकि दिए बमोजिमको शुल्क आर्थिक प्रशासन शाखामा बुझाएको रसिद संलग्न गर्नुपर्ने ।
- नक्कलको लागि शुल्क बुझाएको दिनमा नै प्रमाणित नक्कल सरोकारवाला सेवाग्राहीले पाउने ।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्ने सम्बन्धित सरोकारवाला नेपाली नागरिकले आयोगद्वारा निर्दिष्ट ढाँचा निवेदन लेखी आयोगको मूलदर्तामा दर्ता गराउनु पर्ने ।

- आयोगमा दिएको उजुरीको सम्बन्धमा सूचना माग गर्ने सरोकारवालाले उजुरी दर्ता नम्वर अनिवार्य रुपमा खुलाउनु पर्ने ।

**ग निर्णय गर्ने अधिकारीः** *सूचनासँग सम्बन्धित बिषयको प्रकृतिअनुसार आयोगका सचिव एवं आयोग ।*

९. **निर्णय उपर उजुरी सुन्ने अधिकारी**

सचिव श्री सुरेश अधिकारी ।

१०. **प्रमुख, प्रवक्ता एवं सूचना अधिकारीको नाम र पद**

**प्रमुखः-** सचिव श्री सुरेश अधिकारी

**सह-सचिव एवं प्रवक्ताः-** तारानाथ अधिकारी ९८५१२३३२८१

**सूचना अधिकारीः-** उप-सचिव गणेश बहादुर अधिकारी ९८५११८७३०८

**सहायक सूचना अधिकारीः-** शाखा अधिकृत रामहरि पाण्डे ९८५१०१३९५७

आयोग मातहतका ७ वटा कार्यालयहरुका (बुटवलको सम्पर्क कार्यालय, नेपालगन्ज समेत) सूचना अधिकारीहरुको नाम र सम्पर्क टेलिफोन नं. देहाय अनुसार रहेको छ ।

| कार्यालयको नाम | सूचना अधिकारीको नाम | सम्पर्क टेलीफोन नं. |
|---|---|---|
| अ.दु.अ.आ. कार्यालय, इटहरी | उप-सचिव श्री पुरुषोत्तम ढकाल | ९८४९८०६४६९ |
| अ.दु.अ.आ. कार्यालय, बर्दिवास | उप-सचिव श्री मणिराम ज्ञवाली | ९८४१३६४०४३ |
| अ.दु.अ.आ. कार्यालय, हेटौडा | उप-सचिव श्री ओम प्रकाश बराल | ९८४९०१०४३४ |
| अ.दु.अ.आ. कार्यालय, पोखरा | उप-सचिव श्री मेघनाथ रिजाल | ९८४८२५६४४४ |
| अ.दु.अ.आ. कार्यालय, बुटवल | शा.अ. सुरेश भुसाल | ९८५७०६३१४६ |
| अ.दु.अ.आ. कार्यालय, सुर्खेत | शा.अ. श्री मेघनाथ सापकोटा | ९८५८०७३६६६ |
| अ.दु.अ.आ. कार्यालय, बुटवलको सम्पर्क कार्यालय, नेपालगन्ज | शा.अ. श्री लोकमणि पाण्डे | ९८५८०४५७८८ |
| अ.दु.अ.आ.कार्यालय, कन्चनपुर | उप-सचिव श्री टोप बहादुर विष्ट | ९८५८७५२३७७ |

## ९. संविधान,ऐन,नियम, विनियम वा निर्देशिकाको सूची

- नेपालको संविधान,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- भ्रष्टाचार निवारण ऐन, २०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली,२०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७३
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग पदाधिकारी एवं कर्मचारीहरुको आचार संहिता, २०७६
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- विशेष अदालत ऐन, २०५९
- सूचनाको हक सम्बन्धी ऐन, २०६४

## १०. तोकिए बमोजिमको अन्य विवरण

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट चालु आ.व. मा प्रकाशन भएका प्रतिवेदन तथा अन्य प्रकाशनहरु देहाय बमोजिम रहेका छन्ः

- आयोगको २९ औं वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०७५/७६)
- आयोगको २९ औं वार्षिक प्रतिवेदनको सारांश
- संस्थागत रणनीतिक योजना आ.व. २०७६/७७ — २०८०/८१
- स्मारिका २०७६
- अख्तियार इ-बुलेटिन
- भ्रष्टाचारसँग सम्बन्धित महत्वपूर्ण नजीरहरुको सारसंक्षेप २०७६
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग पदाधिकारी एवं कर्मचारीहरुको आचारसंहिता, २०७६

## ११. अघिल्लो आ.व.मा सञ्चलित कार्यक्रमहरु

- सामुदयिक शिक्षा कार्यक्रम
- अन्तरक्रिया कार्यक्रम
- समन्वय बैठक
- बैदेशिक तालिम तथा अवलोकन भ्रमण
- कानूनमा सुधारका लागि अन्तर्क्रिया तथा मस्यौदा तयारी कार्य

- भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस
- अनुसन्धानका लागि आधारभूत तालिम कार्यक्रम
- आयोगको स्थापना दिवस कार्यक्रम

**१२. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आ.व. २०७५/७६ मा भ्रष्टाचार नियन्त्रण गरी देशमा सुशासन कायम गर्न गरेका कार्यहरुको उनन्तीसौं वार्षिक प्रतिवेदन २०७६ पुस २८ गते सम्माननिय राष्ट्रपतिज्यू समक्ष पेश गरिसकेको उक्त डिजिटल प्रति आयोगको वेवसाइटमा प्रकाशित गरिएको छ । साथै आ.व. २०७६/७७ को प्रतिवेदन तयारीको क्रममा रहेको छ ।

**१३. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि**

सूचनाको हक सम्बन्धी ऐन, २०६४ आयोगसँग सम्बन्धित ऐन, नियमावलीमा गोप्य रहने भनि उल्लेख गरेका सूचना बाहेक सबै प्रकारका सूचनाहरु आयोगको वेबसाईट मार्फत् र सामाजिक संजालमा समेत दैनिक प्रकाशन गरी जानकारी गराउने गरिएको छ । साथै आयोगले नेपाल टेलिभिजनसँग मिलेर २०७६ साउनदेखि प्रत्येक हप्ता मंगलवारका साँझ ७:२५ देखि आधा घण्टाको टेलिभिजन कार्यक्रम **"सुशासन सवाल"** उत्पादन र प्रशारण गर्दै आइरहेको छ ।

**१४. आयोगको वेबसाइट र सोको विवरण**

आयोगको वेवसाइट www.ciaa.gov.np रहेको छ । उक्त वेबसाइटमा आयोगको परिचय, आयोगका पदाधिकारीहरुको परिचय, गठन, सांगठनिक संरचना, आयोग मातहतका कार्यालयहरुको विवरण, ऐन कानून, प्रतिवेदन, सूचना, प्रेस विज्ञप्ति तथा आयोगका विभिन्न प्रकाशनहरु सूचीकृत गरिएको छ । यसका अलावा अनलाइन मार्फत उजुरी प्रेषित गर्ने व्यवस्थासमेत मिलाइएको छ । २०७२ माघ महिनादेखि आयोगको हटलाइन १०७ मार्फत उजुरी गुनासाहरु सम्प्रेषण गर्न सकिने व्यवस्था मिलाइएको छ । यसका साथै आयोगको Android मोबाइल एप्लिकेसन FACCIAA (Fight Against Corruption) समेतबाट उजुरी तथा गुनासाहरु सजिलैसगँ आयोगमा संप्रेषण गर्न सकिने व्यवस्था गरिएको छ । आयोगको फेसबुक पेज www.facebook.com/NepalCIAA मार्फत आयोगका प्रेस विज्ञप्ति सार्वजनिक गरी सूचना संप्रेषण गर्ने व्यवस्था गरिएको छ ।

## गुनासो/उजुरीका लागि

हटलाइन नं.: १०७ (उजुरीको लागि)

टोल फ्रि नं.: १६६०-०१-२२२३३ (उजुरी को लागि )

टेलिफोन नं.: ०१-५२६२१५१ (सामान्य प्रशासकीय विषयका लागि)

भाइबर नं.: +९७७-९८६३३३३१९१ (भाइबर/SMS मार्फत उजुरीका लागि)

फ्याक्स नं.: ०१-५२६२१०४/५२६२१२८ (फ्याक्स गर्नका लागि)

ईमेल : ujuri@ciaa.gov.np (ईमेल माफत उजुरीका लागि)

फेसबुक: /NepalCIAA (उजुरी Messages गरेर)

ट्विटर: @ciaa_nepal (उजुरी Messages गरेर)

हुलाक मार्फत वा आयोगमा आफैं उपस्थित भएर